नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय, मोरङ
विराटनगर

कार्यालय :- ०२१-५२५२५, ०२१-५३०३७२
फ्याक्स :-०२१-५२५३५१
निजी सचिवालय : ०२१-५७६९०८
वेवसाईट: daomorang.moha.gov.np
E-mail : dao.morang@gmail.com
daomorang100@gmail.com

जिल्ला प्रशासन कार्यालय
मोरङ, विराटनगर

प.सं.: प्र. ०७८/७९
च.नं. ६६५६

मिति : २०७८/०९/२३

श्री स्थानीय तह सबै,
मोरङ।

विषयः- <u>सूचना प्रकाशन प्रसारण गर्ने सम्बन्धमा।</u>

प्रस्तुत विषयमा श्री गृह मन्त्रालयको च.नं. ११० मिति २०७८/०९/२० को सूचना प्रकाशन गर्ने सम्बन्धी पत्र यसैसाथ संलग्न राखी पठाईएको छ । व्यहोरा सोही पत्रबाट अवगत गर्नुभइ तहाँ स्थानीय तहले आफ्नो सूचना पाटी र वेभसाइटमा समेत यसै पत्र साथ पठाइएको सूचना प्रकाशन प्रसारण गरी सो को जानकारी यस कार्यालयलाई जानकारी गराउनुहुन आदेशानुसार अनुरोध छ ।

२०७८।९।२३

चेतनाथ पोखरेल
प्रशासकिय अधिकृत
**प्रशासकीय अधिकृत**

नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः- ७८-७८/०७९
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ९९०

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति २०७८।९।२०

विषयः **सूचना प्रकाशन प्रसारण गर्ने सम्बन्धमा** ।

श्री जिल्ला प्रशासन कार्यलयहरु,
सवै, (मनाङ र मुस्तावाहेक) ।

उपर्युक्त विषयमा सशस्त्र द्वन्द्वमा घाइते भई अपाङ्गता भएका व्यक्तिहरुको अपाङ्गता प्रतिशत निर्धारण तथा पुनरावलोकन (प्रथम संशोधन) कार्यविधि, २०७४ बमोजिम कार्यदलमा नाम भएका तर हालसम्म घाइते अपाङ्गता प्रतिशत निर्धारण नभएका र उक्त कार्यविधिअनुसार पुनरावलोकन भइ आफ्नो अपाङ्गता प्रतिशत हेरफेर भएको भए त्यस्ता घाइते तथा अपाङ्गता भएका व्यक्तिहरुले नेपाल सरकारवाट सार्वजनिक सूचना प्रकाशन भएको मितिले ३ (तीन) महिनाभित्र सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा निवेदन दिनुपर्ने र यसको सूचना प्रसारण राष्ट्रियस्तरको पत्रिकाको साथै जिल्ला प्रशासन कार्यालयमार्फत स्थानीय एफएमबाट सूचना प्रसारण गर्ने प्रावधानअनुसार सो कार्यका लागि जिल्ला प्रशासन कार्यालयहरुलाई निर्देशन दिने सम्बन्धमा नेपाल सरकार (मा.मन्त्रीस्तर) बाट मिति २०७८।९।१८ मा निर्णय भएकोले यसैसाथ संलग्न सूचना प्रकाशन/प्रसारण गर्ने व्यवस्थाका लागि आदेशानुसार अनुरोध छ ।

(सरस्वती पौडेल)
शाखा अधिकृत

जिल्ला प्रशासन कार्यालय
दर्ता नं. ९५६३
मिति २०७८।९।२२

नेपाल सरकार
गृह मन्त्रालय
सिंहदरबार, काठमाडौं

**सशस्त्र द्वन्द्व तथा ऐतिहासिक जनआन्दोलनको क्रममा घाइते भई अपाङ्गता भएका व्यक्तिहरुलाई घाइते अपाङ्गता प्रतिशत निर्धारण तथा पुनरावलोकन सम्बन्धी**

**अत्यन्त जरुरी सूचना**

**(सूचना प्रकाशित मिति: २०७८/०९/.....)**

"सशस्त्र द्वन्द्वमा घाइते भई अपाङ्गता भएका व्यक्तिहरुको अपाङ्गता प्रतिशत निर्धारण तथा पुनरावलोकन (प्रथम संशोधनसहित) कार्यविधि, २०७४" अनुसार नेपाल सरकारबाट विभिन्न मितिमा गठन भएको "द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा संरचनाको लगत संकलन कार्यदल" (कार्यदल) को प्रतिवेदनमा नाम समावेश भएका तर हालसम्म घाइते अपाङ्गता प्रतिशत निर्धारण नभएकाहरु र आफ्नो घाइते अपाङ्गता प्रतिशत हेरफेर भएको भए पुनरावलोकनको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा अन्तिम पटकका लागि यो सूचना प्रकाशित भएको मितिले ३ महिनाभित्र निवेदन पेश गर्नुहुन सूचित गरिन्छ ।

विस्तृत जानकारीको लागि यस मन्त्रालय वा जिल्ला प्रशासन कार्यालयहरुमा सम्पर्क राख्नु होला ।